रंगेली नगरपालिका मोरङ्गद्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्या : १३** **मिति : २०७९/१०/०४**

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

नगरपालिका बाट स्वीकृत मिति:२०७९/१०/०४

## छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**

नेपालको संविधान, २०७२ ले शिक्षा, महिला, बालबालिकाको हकलाई मौलिक हकको रुपमा समावेश गरेको छ। संविधानका उल्लेखित मौलिकहकहरुको कार्यन्वयनका लागि रंगेली नगरपालिकामा शिक्षा ऐन, २०७९ कार्यान्वयनमा रहेको छ। रंगेली नगरपालिका अन्तर्गतका विद्यालयमा कक्षा १-१२ मा अध्ययनरत छात्राहरु संग सम्वन्धित लैंगिक समस्या, यौन हिंसा, नियमित उपस्थिति लगायत कक्षाकोठा भित्र र बहिर हुने सिकाइका शारीरिक एवं मनौवैज्ञानिक समस्याहरु समाधान गर्नअनुगमन, निरीक्षण र सुपरीवेक्षणको माध्यमबाट तथ्यांक संकलन विश्लेषण गरी परामर्श र सहजिकरणबाटबालिकाहरुको सिकाइ सहभागितार उपलब्धीमा थप सुधार गर्ने उद्देश्यले रंगेली नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी **छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७९**बनाई लागु गरिएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम **छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७९**रहनेछ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

(३) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा: (क) कार्यपालिका भन्नालेरंगेली नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ख) नगर प्रमुख भन्नालेरंगेली नगरपालिकाकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ग) उपमेयर भन्नालेरंगेली नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले रंगेली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाईसम्झनुपर्दछ।

(ङ) शिक्षा अधिकृत भन्नाले रंगेली नगरपालिकाकोनगर शिक्षा अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीलाईसम्झनुपर्दछ।

(च) नगर शिक्षा समिति भन्नाले रंगेली नगरशिक्षा समिति समितिलाई सम्झनुपर्दछ।

(छ) शिक्षा शाखा भन्नाले रंगेली नगरपालिकाको शिक्षा शाखा युवा तथा खेलकुद शाखालाईसम्झनुपर्दछ।

(ज)विद्यालय भन्नाले रंगेली नगरपालिकामा सञ्चालित स्वीकृतीप्राप्त सामुदायिक वा संस्थागत विद्यालयलाई सम्झनुपर्दछ ।

(झ) व्यावस्थापन समिति भन्नाले विधिवत रुपमा गठित अध्यक्ष, सदस्य र प्र.अ. समेत रहेको विद्यालय व्यावस्थापन समितिलाई सम्झनुपर्दछ ।

(ञ)प्रधानाध्यापकभन्नाले विद्यालयका प्रधानाध्यापक वा प्राचार्य वा प्रिन्सिपल लाई सम्झनुपर्दछ ।

(ट)शिक्षकभन्नाले विद्यालयको अध्यापकलाई सम्झनुपर्दछ ।

(ठ)छात्राभन्नाले संस्थागत र सामुदायिक विद्यालयको छात्रा कक्षा १-१२ मा अध्ययनरत विभिन्न उमेर समूहका छात्रालाई सम्झनु पर्दछ ।

**२.लक्ष्यहरुः** यस कार्यक्रमको सञ्चालन पश्चात विद्यालयस्तरमा हुने छात्राहरुका शारीरिक, मनोवैज्ञानिक तथा यौनिक समस्याहरु समयमै पहिचान एवं समाधान गरीसिकाइ उपलब्धिमा सुधार गर्ने लक्ष्य राखिएको छ ।

**३. उद्देश्यः**कार्यक्रमको उद्देश्य देहाय अनुसार रहने छ

(क) छात्रा तथा किशोरीहरुको समस्याहरु पहिचान गर्ने ।

(ख) छात्रा तथा किशोरीहरुको समस्याहरु समाधानकालागि मनोवैज्ञानिक परामर्श दिने ।

(ग) विद्यालयको शिक्षण सिकाइ क्रियाकालापमा सुधार गर्ने ।

(घ) विद्यालयहरुमा रहेका कमीकमजोरीहरु पत्तालगाइ सुधारका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ङ) विद्यालयको शिक्षण सिकाइ तथा भौतिक पक्षको सुधारको योजना वनाई कार्यान्वयनगर्न नगर कार्यपालिकामा सिफारिस गर्ने ।

## ४. कार्यविधिअनुसार सञ्चालन हुने कार्यक्रमहरु

(क) लक्षित वर्गका छात्राहरुसंग बालिका शिक्षा तथा यस सम्वन्धि विविध आयममा छलफल  तथा अन्तरक्रिया,

(ख) विद्यालयको शिक्षण सिकाइ लगायत समग्र शैक्षिक स्थितिको स्थलगत अनुगमत तथा निरीक्षण,

(ग) विद्यालयका कक्षाकोठा र भौतिक संरचनाको अनुगमन र निरीक्षण,

(घ) शिक्षक, विद्यार्थीहरु, विशेषगरी छात्राहरुका समस्याहरु पहिचान गरी सुधारका लागि नगरपालिकामा प्रतिवेदन,

(ङ)शैक्षिकगुणस्तरसुधार सम्वन्धी काम,

(च) छात्राहरुहरुलाई वालअधिकारको जनचेतना अभिवृद्धि गरी बालमैत्री स्थानीय शासन अवलम्वन गर्न सहयोग हुने सामूहिक प्रतिवध्दता सम्वन्धी समारोहहरु,

(छ) छात्राहरुका लागि शैक्षिक सामग्री र छात्रवृत्तिवितरण,

(ज) छात्राहरुका लागि व्यक्तिगत सुरक्षा सम्वन्धी,

**५. कार्यसञ्चालन गर्ने जिम्वेवारीः**छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन रंगेली नगरपालिकाको उपप्रमुखको प्रत्यक्ष निगरानीमा शिक्षा, महिला तथा बालबालिका र स्वास्थ्य शाखाको हुनेछ ।

**६. कार्यसञ्चालन गर्ने विधिः** छात्रासँग उपमेयरकार्यक्रम सञ्चालन देहायका विधि एवं प्रक्रिया अवलम्वन गरिनेछ :

**(क) विद्यालय तथा कक्षाकोठाहरुको अवलोकनः** अ)उपप्रमुख, शिक्षा अधिकृत र आवश्यकता अनुसार महिला मनोपरामर्शकर्ता मार्फत सम्वन्धित विद्यालय तथा कक्षाकोठाहरुको प्रत्यक्ष अवलोकन गर्ने ।

आ) यस दफाको प्रयोजनका लागि महिला मनोपरामर्शकर्ता भन्नाले मनोविमर्श सम्वन्धी तालिम प्राप्त दक्ष महिला मध्येबाट तोकिएको व्यक्ति लाई जनाउनेछ ।

**(ख) अन्तरक्रिया तथा छलफल:**उपमेयरर महिला मनोपरामर्श कर्ता मार्फत छात्राहरु सँग उनिहरुका समस्याहरुका विषयमा प्रत्यक्ष छलफल तथा अन्तक्रिया गरिनेछ । अन्तक्रिया गर्दा आवश्यक भएमा सम्वन्धित विद्यालयका छात्राहरुलाई छुट्टै राखि समस्याहरु मौखिक वा लिखित रुपमा संकलन गर्न सकिनेछ । संकलित समस्याहरु अनुसूचि १ वमोजिमको ढाँचामा प्रतिवेदनको रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रम सञ्चालनका लागि कक्षा ६ देखि १२ सम्मको मात्र छात्राहरु समावेश गरी सञ्चालन गर्न वाधा पर्ने छैन ।

**(ग) सहायता प्रदान:** छात्राहरुको आवश्यता र सिकाइलाई प्रत्यक्ष सहयोग पुग्ने सामग्री तथा छात्रवृत्ति वितरण गर्न कार्यपालिकामा सिफारिस गर्ने ।

**७. विद्यालयलको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण :** छात्रासँग उपमेयर कार्यक्रम सञ्चालनका गर्दा उपप्रमुख, शिक्षा अधिकृत वा निजले तोकेको अधिकृत र तोकिएको कर्मचारी मार्फत व्यतिगत तथा सामुहिक रुपमा सम्वन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकालप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगायत विद्यालयको समग्र पक्षहरुको प्रत्यक्ष अवलोकन गरी सो को प्रतिवेदन शिक्षा युवा तथा खेलकुद शाखा मार्फत नगरपालिकामा पेश गर्नुपर्ने छ ।

यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालय अनुगमन तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा पठन पाठन लगायत विद्यालयको शैक्षिक तथा सामाजिक वातावरणमा पर्ने नकारात्मक असर कम गर्नु सबैको दायित्व रहनेछ ।

**८विद्यालयले गर्नुपर्नेसहयोग**

छात्रासँग उपमेयर कार्यक्रम सञ्चालनका लागि उपप्रमुखले निर्देशन गरे अनुसारविद्यालयले छात्राहरुलाई छुट्टै कोठा र हलमा राख्ने व्यावस्था मिलाई अन्तरक्रियका लागि आवश्यक सहयोग गर्नु पर्नेछ ।यस निर्देशिका अनुसार गरिएको निर्देशन तथा सुझावहरु कार्यान्वयन गर्ने दायित्व सम्वन्धित विद्यालयको हुनेछ ।

## ९. निर्देशन तथा समन्वय

छात्रासँग उपमेयर कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यक निर्देशन तथा समन्वय नगरप्रमुखले गर्नुपर्नेछ । निर्देशन तथा समन्वयका लागि आवश्यक सूचना, कार्यक्रम सम्वन्धी अन्य सहयोग प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, महिला विकास निरीक्षक र तोकिएको कर्मचारीले गर्नु पर्नेछ ।

## १०. गोपनीयता सम्वन्धी व्यावस्था

छात्रासँगउपमेयर कार्यक्रम सञ्चालनको क्रममा भएका छलफल अन्तरक्रिया कुराकानी तथा सुचनाहरु प्रचलित कानुन अनुसार गोप्य राख्नु पर्ने कुराहरु पुर्णतया गोप्य राख्नुपर्नेछ । यस प्रकारको छलफल तथा अन्तरक्रियामा दिइएका सूचना तथा जानकारीका आधारमा कसैलाई सजाय गर्न पाइने छैन ।

## ११. अवस्था विश्लेषण

छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन पछि रंगेली नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, महिला विकास निरीक्षक र महिला मनोपरामर्श कर्ताको सहभागितामानगरपालिकास्तरमा छात्राहरुले भोग्नुपरेका शारीरिक, मनोवैज्ञानिक समस्या, यौन हिंसा तथा सम्वन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकालप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरणीय सरसफाई लगायत विद्यालयको समग्र पक्षहरुको बिश्लेषण, तथ्यांक सामूहिकरण र छलफल गरी समस्या तथा सुधारका उपायहरु पहिचान गरी सुझावहरु कार्यान्वयनका लागि व्यहारिक उपायहरु अपनायन सम्वन्धित विद्यालयलाई निर्देशन गरी कार्यान्वयन गर्नु पर्नेछ ।

## १२. निर्देशन कार्यान्वयनको अवस्था अनुगमन

(क) छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन पछि रंगेली नगरपालिकाकाउपप्रमुख, शिक्षा अधिकृत, महिला विकास निरीक्षक, महिला मनोपरामर्शकर्ताले सामूहिक वा व्यक्तिगत रुपमा निरन्तर अनुगमन गर्नुपर्ने छ । सम्वन्धित विद्यालका छात्राहरुले भोग्नुपरेका समस्याहरु समाधानका लागि प्रयोग गरिएको सुधारका व्यावहारिक उपायाहरुको प्रभावकारीता समेत पहिचान गरी थप उपायहरु अवलम्वन गर्न अनुगमनलाई निरन्तरता दिइनेछ ।

(ख) निर्देशन दिनु अघि सम्वन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यावस्थापन समिति अध्यक्ष समेतको उपस्थितिमा नगरपालिकामा आवश्यक छलफलको आयोजना गर्न सकिने छ ।

**१३. विविधः** क) प्रचलित कानुन बमोजिम हुने गरी छात्रासँग उपमेयर कार्यक्रममा आवश्यक खर्च गर्न सकिनेछ।
ख) खर्च सम्वन्धी अन्य मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १ प्रतिवेदनको ढाँचा

छात्रा संग उपमेयरकार्यक्रम

विद्यालयको नामः

कूल विद्यार्थी संख्याः  कूल छात्राः  कार्यक्रममा सहभागी संख्याः

जम्मा शिक्षक संख्या  महिला शिक्षक

विद्यालय भवन कोठाहरु जम्मा  पठनपाठनमा प्रयोग भएको कक्षा कोठा

जम्मा शौचालय संख्या  महिला शौचालय संख्या

खानेपानी आपूर्तीको प्रवन्ध  नियमित  वा आंशिक वा छैन

अपांगतामैत्री संरचना  सबै छ  धेरैजसो छ  थोरैमा छ  छैन

छात्रा तथा वालिका शिक्षा सम्वन्धी प्राप्त तथ्यांकहरुः

क, नियमित उपस्थिति सम्वन्धीः  मासिक औषत दिन छात्रा  र छात्र

ख, सिकाइ उपलव्धी सम्वन्धीः

ग, विद्यालयको बाल क्लव तथा अतिरिक्त क्रियाकलापमा सहभागिता सम्वन्धी

घ,बालिका मैत्री संरचना सम्वन्धी

ङ, असमानता तथा हिंसा सम्वन्धी

च, मनोपरामर्श सम्वन्धी व्यवस्था

छ, बालविवाहा सम्वन्धी

ज, छात्राहरुको क्षमता विकास सम्वन्धी कार्यक्रम सञ्चालन सम्वन्धी

झ, विशेष अवस्था तथा घटना सम्वन्धी

ञ, विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षाको व्यवस्था

कार्यक्रममा सहभागीको नाम थर र पद

१

२

३

आज्ञाले
ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत